विधेयक संख्याः १९

आवासको आधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं

आर्थिक टिप्पणी

नेपालको संविधानद्वारा प्रदत्त आवासको अधिकार सम्बन्धी हकको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न तथा आवासहीन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले लगत संकलन गर्ने, परिचयपत्र उपलब्ध गराउने, वस्ती विकास गर्ने, आवास उपलब्ध गराउने, अस्थायी आवास तथा पुनर्वासको व्यवस्था गर्ने लगायतका कार्यहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक पर्ने आर्थिक स्रोत उपलब्ध गराउनु पर्ने भएकोले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई थप आर्थिक दायित्व पर्ने देखिन्छ ।

मा. मोहम्मद इश्तियाक राई
मन्त्री,
सहरी विकास

उद्देश्य र कारण

नेपालको संविधानद्वारा प्रदत्त आवासको अधिकार सम्बन्धी हकको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न विपद्को जोखिममा परेका व्यक्ति तथा परिवारलाई अस्थायी सुविधा तथा आर्थिक सहायता उपलब्ध गराउन, विस्थापित व्यक्ति तथा परिवारलाई उचित पुनर्वासको व्यवस्था गर्न तथा आवासहीन नागरिकलाई आवास सुविधा उपलब्ध गराउन आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गरेको छु ।

मा. मोहम्मद इश्तियाक राई
मन्त्री,
सहरी विकास

आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

क्र.सं.	दफा र उपदफा	प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था	प्रत्यायोजित व्यवस्थापनको कारण प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थाबाट पर्न सक्ने प्रभाव
१	दफा ७	नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकिकरण गरी क्रमशः तोकिए बमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्नेछ ।	आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकिकरण गर्ने र त्यस्ता व्यक्तिहरुलाई सेवा सुविधा उपलब्ध गराउने व्यवस्था नियमावलीमा राखिने ।	आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकिकरण गर्ने र त्यस्ता व्यक्तिहरुलाई सेवा सुविधा उपलब्ध गराउने व्यवस्था नियमावलीमा राख्दा प्राथमिकिकरण हुने र सो बमोजिम क्रमशः कार्यान्वयन गर्न सहज हुने ।
२	दफा ८ को उपदफा (१) र (२)	(१) दफा ७ बमोजिम आवासविहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउन तोके बमोजिमको सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराइनेछ । (२) उपदफा (१) बमोजिमको सुविधा अन्तर्गत पनि आवासको व्यवस्था गर्न नसक्ने अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा तोकिए बमोजिम क्रमशः आवास सुविधा उपलब्ध गराउनेछ ।	आवासविहीन व्यक्ति तथा परिवारलाई सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराउने र अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकता निर्धारण गरी आवास सुविधा उपलब्ध गराउने विषयहरु नियमावलीमा राखिने ।	आवासविहीन व्यक्ति तथा परिवारलाई सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराउने र अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकता निर्धारण गरी आवास सुविधा उपलब्ध गराउने व्यवस्था नियमावलीमा राख्दा वित्तीय सुविधाहरु तोकिने र त्यस्ता व्यक्तिहरुको प्राथमिकिकरण हुने ।
३	दफा ९	आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोबासको अवस्था समेत खुल्ने गरी सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम लगत सङ्कलन गर्नु पर्नेछ।	आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोबासको अवस्था समेतका विवरणहरु खुल्ने गरी नियमावलीमा व्यवस्था गरिने ।	उक्त व्यवस्थाबाट लगत संकलन कार्य पारदर्शि र प्रभावकारी हुने ।
४	दफा १० को उपदफा (१) (२) र (४)	(१) सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको परिचयपत्र सम्बन्धित व्यक्ति वा परिवारलाई वितरण गर्नु पर्नेछ :- (२) उपदफा (१) बमोजिमको परिचयपत्र वितरणको कार्य	परिचयपत्रको ढाँचा परिचयपत्र वितरण सम्पन्न गर्नुपर्ने समय लगायतका विषयहरु नियमावलीमा व्यवस्था गरिने ।	परिचयपत्रको ढाँचा परिचयपत्र वितरण सम्पन्न गर्नुपर्ने समय लगायतका विषयहरु नियमावलीमा राख्दा काम कारवाहीमा एकरुपता हुनुको साथै तोकिएको समय भित्र कार्य सम्पन्न हुने ।

संघीय संसद सचिवालय

क्र.सं.	दफा र उपदफा	प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था	प्रत्यायोजित व्यवस्थापनको कारण प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थाबाट पर्न सक्ने प्रभाव
		तोकिए बमोजिमको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। (४) यस दफा बमोजिम वितरण गरिएको परिचय पत्रको विवरणको आधारमा दोहोरो नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले श्रोत साधनको व्यवस्था मिलाई नागरिकलाई क्रमशः तोकिए बमोजिमको आवास सुविधा उपलब्ध गराउनु पर्नेछ।		
५	दफा १२	दफा ९ बमोजिम आवास सुविधा प्राप्त गर्न पहिचान भएको व्यक्ति तथा परिवारले यस ऐन बमोजिम आवास सुविधा प्राप्त गर्नु अघि देशको कुनै भुभागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको तोकिए बमोजिम स्वःघोषणा गर्नु पर्नेछ।	आवास सुविधा प्राप्त गर्ने व्यक्ति तथा परिवारले आवास सुविधा प्राप्त गर्नु अघि देशको कुनै भुभागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको कुरा स्वःघोषणा गर्नु आवश्यक भएकोले सम्बन्धी व्यवस्था नियमावलीमा गरिने ।	स्वःघोषणा सम्बन्धी व्यवस्था नियमावलीमा राख्दा सोको प्रकृया र ढाँचा समेत समावेश हुने र सोबाट सुविधा प्राप्त गर्ने व्यक्ति तथा परिवारलाई समेत जिम्मेवार वनाउन मद्दत पुग्ने ।
६	दफा १३ को उपदफा (१) र (२)	(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा विपद्बाट विस्थापित व्यक्ति तथा परिवारको लागि तत्काल तोकिए बमोजिमको अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ। (२) उपदफा (१) बमोजिमको अस्थायी आवासमा लैंगिकमैत्री वातावरण लगायत तोकिए बमोजिमका न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।	अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउने विषय र आवासमा हुनुपर्ने न्यूनतम सेवा सुविधाका सम्बन्धमा नियमावलीमा व्यवस्था गरिने ।	यस व्यवस्थाबाट आर्थिक सुविधा के कसरी, के कति प्राप्त हुने भन्ने विषय एकिन हुनुका साथै के कस्ता सुविधा उपलब्ध गराउनु पर्ने हो सो सम्बन्धमा समेत स्पष्ट हुने ।
७	दफा १७	(२) उपदफा (१) मा जुनसुकै	विपद्मा परी आवास नष्ट भएका	विपद्मा परी आवास नष्ट

संघीय संसद सचिवालय

क्र.सं.	दफा र उपदफा	प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था	प्रत्यायोजित व्यवस्थापनको कारण प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थाबाट पर्न सक्ने प्रभाव
	को उपदफा (२)	कुरा लेखिएको भए तापनि नेपाल सरकारले विपद्मा परी आवास नष्ट भएका वा तोकेकोभन्दा कम वार्षिक आय गर्ने व्यक्ति तथा निजको परिवारलाई यस ऐन बमोजिमको आवासको सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन ।	वा तोकेकोभन्दा कम वार्षिक आय गर्ने व्यक्ति तथा निजको परिवारलाई आवास सुविधा उपलब्ध गराउने विषय नियमावलीमा व्यवस्था गरिने ।	भएका व्यक्ति तथा परिवारहरुको पहिचान हुने र सेवा सुविधा पाउने व्यक्ति तथा परिवारहरुको वार्षिक आय तोकि कार्यान्वयन गर्न सहज हुने ।
८	दफा २० को उपदफा (२)	(२) उपदफा (१) बमोजिमको आवासमा तोकिए बमोजिमको न्यूनतम सेवा, सुविधा तथा पूर्वाधार उपलब्ध भएको हुनु पर्नेछ ।	न्यूनतम सेवा सुविधा र पूर्वाधार सम्बन्धी विषय नियमावलीमा व्यवस्था गरी तोकिने ।	न्यूनतम सेवा सुविधा स्पष्ट हुने ।
९	दफा २१	यस ऐन बमोजिम प्रदान गरिने आवास रहेको क्षेत्रमा तोकिए बमोजिमको न्यूनतम सेवा, सुविधा र पूर्वाधारहरू उपलब्ध भएको हुनु पर्नेछ ।	न्यूनतम सेवा सुविधा र पूर्वाधार सम्बन्धी विषय नियमावलीमा व्यवस्था गरी तोकिने ।	न्यूनतम सेवा सुविधा स्पष्ट हुने ।
१०	दफा २२	नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन बमोजिम आवासको सुविधा उपलब्ध गराउने कार्यको अनुगमन गर्नको लागि तोकिए बमोजिमको संयन्त्र गठन गर्नु पर्नेछ।	अनुगमन संयन्त्र गठन सम्बन्धी विषय नियमावलीमा तोकिने ।	अनुगमन संयन्त्र मार्फत काम कारवाहीलाई वढी प्रभावकारी वनाउन मद्दत पुग्ने ।
११	दफा २६ ख	(ख) तोकिए बमोजिमको अन्य अवस्थामा ।	समय परिस्थिति अनुरुप आवाश्यक देखिएका अन्य अवस्थाहरु नियमावलीमा तोकिने ।	यस किसिमको व्यवस्था नियमावलीमा राख्दा आवश्यक देखिएका विषयहरु तत्काल समाधान गर्न सहज हुने ।
१२	दफा २७ को उपदफा (२)	(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले निर्णय गरी निःशुल्क हुने गरी तोकेको बाहेक आवासमा जडित विद्युत, खानेपानी लगायतका सुविधा उपभोग गरे बापत तिर्नु पर्ने सेवा शुल्क तोकिएको समय	विद्युत, खानेपानी लगायतका सुविधा उपभोग गरे बापत शुल्क तिर्नुपर्ने अवधि नियमावलीमा तोकिने ।	शुल्क तिर्नु पर्ने अवधि स्पष्ट भै कार्यान्वयन गर्न सहज हुने ।

संघीय संसद सचिवालय

क्र.सं.	दफा र उपदफा	प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था	प्रत्यायोजित व्यवस्थापनको कारण प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थाबाट पर्न सक्ने प्रभाव
		भित्र त्यस्तो आवास प्राप्त गर्ने व्यक्ति तथा परिवारले व्यहोर्नु पर्नेछ ।		
१३	दफा ३०	यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।	यो ऐन कार्यान्वयन गर्न आवश्यक देखिएका तथा ऐनमा प्रत्यायोजन गरिएका विषयमा नेपाल सरकाले नियमावली बनाई लागु गर्ने ।	ऐनले प्रत्यायोजन गरेका विषयमा नियमावलीमा रही ऐन कार्यान्वयन हुने ।
१४	दफा ३१	नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।	यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम अनुरुप नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले निर्देशिका बनाई लागु गर्ने सक्ने ।	यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आवश्यक विषयमा निर्देशिका तर्जुमा भई ऐनको व्यवस्था कार्यान्वयनमा सहजता आउने ।

संघीय संसद सचिवालय

आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

दफा	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
१	संक्षिप्त नाम र प्रारम्भ	यस ऐनको संक्षिप्त नाम आवासको अधिकार सम्बन्धी ऐन, २०७५ राखिएको छ । प्रस्तुत ऐन मौलिक हक कार्यान्वयनसँग सम्बन्धित भएकोले यो तुरुन्त प्रारम्भ हुने गरी तोकिएको छ ।
२	परिभाषा	विधेयकमा उपयुक्त शब्दहरुको परिभाषा गर्न आवश्यक भएकोले ।
३	आवासको अधिकार हुने	नेपालको संविधान बमोजिम प्रत्येक नागरिकलाई आवासको अधिकार हुने र त्यस्तो अधिकारको सम्मान, संरक्षण र परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी यस ऐन बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुने व्यवस्था गरिएको ।
४	नागरिकको आवास अधिकारको सम्मान गर्नुपर्ने	प्रत्येक नागरिकलाई आफ्नो आवास शान्तिपूर्वक निर्वाध रुपमा उपयोग गर्न दिनुपर्ने र कुनै पनि आधारमा आवासको सुविधाबाट वञ्चित वा भेदभाव गर्न नपाईने व्यवस्था गरिएको ।
५	सार्वजनिक प्रयोजनका लागि हटाउन सकिने	सार्वजनिक प्रयोजनका लागि कानून बमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिने र हटाउँदा पुनर्वासको व्यवस्था वा क्षतिपूर्ति दिनुपर्ने र आवासबाट हटाउँदा निजसँग परामर्श सूचना संप्रेषण गर्नुपर्ने र अनुपयुक्त समयमा हटाउन नपाउने र हटाउने क्रममा ज्येष्ठ नागरिक, विरामी, वालवालिका, अशक्त व्यक्ति, गर्भवति महिला, अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणमा ध्यान दिनुपर्ने व्यवस्था गरिएको ।
६	स्रोत साधनमाथिको पहुँच	नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले नागरिकलाई आवासस्थलमा रहेका स्रोत -साधनहरूको उपयोगमा कानून बमोजिम सहज पहुँच हुने व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको।
७	आवास उपलब्ध गराउने	नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकिकरण गरी क्रमशः आवास सुविधा उपलब्ध गराउनुपर्ने गरी व्यवस्था गरिएको ।
८	वित्तीय साधन उपलब्ध गराउने	आवासविहीन व्यक्ति तथा परिवारलाई सहुलियतपूर्ण वित्तीय सुविधा र अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने

संघीय संसद सचिवालय

दफा	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
		आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा क्रमशः आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको ।
९	लगत सङ्कलन तथा पहिचान गर्ने	आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोबासको अवस्था समेत खुल्ने गरी लगत सङ्कलन गर्ने कार्य स्थानीय तहलाई दिने व्यवस्था गर्न आवश्यक भएको ।
१०	परिचयपत्र उपलब्ध गराउनु पर्ने	परिचयपत्र दिने व्यवस्था स्थानीय तहमार्फत गर्न आवश्यक भएको र परिचयपत्र वितरण गर्ने कार्य तोकिएको समयभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था गर्न आवश्यक भएको र सोको विवरण प्रदेश सरकार र मन्त्रालयलाई उपलब्ध गराउने र वितरण गरिएको परिचयपत्रका आधारमा नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहले आवास सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको ।
११	सहयोग गर्नु पर्ने	नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय तहलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गर्न आवश्यक भएको ।
१२	जग्गा वा आवास नभएको घोषणा गर्नु पर्ने	आवास सुविधा प्राप्त गर्न पहिचान भएको व्यक्ति तथा परिवारले आवास सुविधा प्राप्त गर्नु अघि देशको कुनै भूभागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको स्वःघोषणा गर्नुपर्ने व्यवस्था राख्न आवश्यक भएको।
१३	अस्थायी आवास उपलब्ध गराउनु पर्ने	नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा विपद्बाट विस्थापित व्यक्ति तथा परिवारका लागि अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउन आवश्यक भएको र त्यस्तो अस्थायी आवासमा लैंगिकमैत्री वातावरण लगायत न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने र विपद्को अवस्था सामान्यीकरण भई साविककै स्थानमा बसोबास गर्न सकिने अवस्था भएमा निजहरूलाई सोही ठाउँमा पुनर्स्थापना गर्ने व्यवस्था गर्न आवश्यक भएको ।
१४	पुनर्वासको व्यवस्था गर्नु पर्ने	पूर्ण रूपमा विस्थापित भएको व्यक्ति तथा परिवारको नाममा अन्यत्र जग्गा नभएको वा जग्गा भए पनि भौगोलिक वा अन्य कारणले बसोबास गर्नका लागि अनुपयुक्त भएको र निज वा परिवारको आर्थिक विपन्नताको कारण निज आफैंले कुनै अर्को बासस्थानको प्रबन्ध गर्न नसक्ने अवस्था भएमा त्यस्तो व्यक्ति तथा परिवारका लागि उचित पुनर्वासको प्रबन्ध गर्नुपर्ने

संघीय संसद सचिवालय

दफा	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
		र सहुलियतपूर्ण कर्जा तथा आंशिक अनुदान प्रदान गरेर समेत पुनर्वासको प्रबन्ध गर्न सकिने व्यवस्था गरिएको ।
१५	आवासको स्वामित्व उपयोग तथा भोगाधिकार	आवासको स्वामित्व त्यस्तो आवास सुविधा प्राप्त गर्ने व्यक्ति, परिवार वा समुदायको एकल, सामूहिक वा संयुक्त स्वामित्व रहने गरी व्यवस्था गरिएको र त्यस्तो आवासमा सम्बन्धित व्यक्ति वा परिवारको भोगाधिकार मात्र कायम हुने गरी व्यवस्था गर्न सकिने र त्यस्तो आवासमा सोही व्यक्ति तथा परिवार बस्नुपर्ने व्यवस्था गरिएको । त्यस्तो आवास उपलब्ध गराउने सम्बन्धित नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति नलिई बैङ्क, वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडा वा लिजमा दिन वा अन्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्न नपाइने र त्यस्तो कार्य स्वतः बदर भएको मानिने व्यवस्था गर्न आवश्यक भएको ।
१६	दोहोरो सुविधा उपलब्ध नगराइने	एक पटक आवासको सुविधा उपलब्ध गराइएको व्यक्ति तथा परिवारलाई विपद् परी नष्ट भएको अवस्थामा वाहेक पुनः त्यस्तो सुविधा उपलब्ध नगराइने व्यवस्था गरिएको ।
१७	आवास सुविधा उपलब्ध नगराइने	राष्ट्रसेवक पदमा बहाल रहेको, सेवानिवृत्त वा पदमुक्त भएको स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित संस्था, साझेदारी, फर्मबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको स्वदेशी वा विदेशी गैर सरकारी संस्थाबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको, निजी क्षेत्रमा व्यापार, व्यवसाय वा अन्य आर्थिक उपार्जनको कार्यमा संलग्न रहेको, विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थामा काम गरिरहेको वा त्यसबाट निवृत्तिभरण वा अन्य आर्थिक सुविधा प्राप्त गरिरहेको, विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको वा विदेशी मुलुकमा स्थायी रूपमा बसोबास गरिरहेको, आवासीय प्रयोजनको लागि कसैको घर, जग्गा वा अपार्टमेन्ट बहालमा लिई बसेको, आवास नभएको तर नेपाल सरकारले तोकेको भन्दा बढी चल वा अचल सम्पत्ति भएको, अन्य व्यक्ति तथा निजको परिवारलाई आवास सुविधा उपलब्ध नगराइने व्यवस्था गर्न आवश्यक भएको ।
१८	स्थानीय तहसँग समन्वय गर्ने	नेपाल सरकार तथा प्रदेश सरकारले सम्बन्धित कार्यक्रमका लागि लाग्ने वजेट, जनशक्ति तथा अन्य प्राविधिक सहायता प्रदान गरी स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्दा वढी व्यवहारिक हुने भएको ।
१९	एकीकृत बस्ती विकासको	एकीकृत बस्ती विकासको अवधारणा अनुरूप भौगोलिक

संघीय संसद सचिवालय

दफा	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
	व्यवस्था	विकटताका कारणले सेवा सुविधा पुऱ्याउन नसक्ने दुर्गम र विकट स्थानका वस्ती स्थानान्तरण गरी सुविधायुक्त स्थानमा सार्न सकिने व्यवस्था गर्न आवश्यक भएको ।
२०	स्वदेशी निजी क्षेत्रबाट आवास सुविधा प्रदान गर्न सकिने	प्रचलित कानूनको अधीनमा रही निजी कम्पनी वा सङ्गठित संस्था मार्फत समेत आवास निर्माण गरी वितरण गर्न सक्ने व्यवस्था गरिएको । त्यस्तो आवासमा न्यूनतम सेवा, सुविधा तथा पूर्वाधार समेत उपलब्ध हुनुपर्ने व्यवस्था राख्नु आवश्यक रहेको ।
२१	सेवा, सुविधा र पूर्वाधारको उपलब्धता	आवास रहेको क्षेत्रमा तोकिए बमोजिमको न्यूनतम सेवा, सुविधा र पूर्वाधारहरू उपलब्ध भएको हुनु आवश्यक भएको ।
२२	अनुगमन गर्नु पर्ने	आवासको सुविधा उपलब्ध गराउने कार्यको अनुगमन गर्न संयन्त्र गठन गरी अनुगमन गर्ने व्यवस्था गर्नु आवश्यक भएको ।
२३	भवन संहिता तथा भवन निर्माण सम्बन्धी मापदण्ड पालना गर्नु पर्ने	बस्ती विकास, भूमिको उपयोग, भवन संहिता तथा भवन निर्माण सम्बन्धी सङ्घीय कानून बमोजिम निर्धारण गरेको मापदण्ड पालना गर्ने व्यवस्था गर्दा एकरुपता र प्रभावकारी हुने ।
२४	विवादको समाधान	हक बेहक सम्बन्धी बाहेकको कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद हेर्ने अधिकार स्थानीय न्यायिक समितिलाई दिनु वढी व्यवहारिक हुने ।
२५	कसूर तथा सजाय	झुट्टा विवरण पेश गरी आवास सुविधा लिएमा, आवास सुविधाको दुरुपयोग गरेमा वा आवासलाई आवास बाहेकको अन्य प्रयोजनमा प्रयोग गरेमा, जानी जानी झुठो विवरण संकलन गरेमा वा सिफारिस गरेमा कसुर मानी कैद तथा जरिवानाको सजायको व्यवस्था गरिएको र यस किसिमको व्यवस्थाबाट झुठो विवरणको आधारमा सुविधा प्राप्त गर्ने व्यक्ति तथा त्यसमा संलग्न पदाधिकारीहरु त्यस किसिमका कार्य गर्न निरुत्साहित हुने हुँदा सो व्यवस्था गर्न आवश्यक भएको ।
२६	नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा कायम गरिने	जसको स्वामित्व रहेको हो सोही परिवार वस्नुपर्ने र आवास उपलब्ध गराउने सम्बन्धित नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति नलिई बैङ्क, वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडा वा लिजमा दिन वा अन्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्न वा अन्य कुनै प्रकारले हक छाड्न नपाइने र आवास उपलब्ध गराइएको व्यक्ति तथा परिवारले बसोबास नगरेमा

संघीय संसद सचिवालय

दफा	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
		वा लगातार तीन वर्ष वा सोभन्दा बढी अवधि भोग चलन नगरेमा त्यस्तो आवास सुविधा उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा कायम हुने व्यवस्था गर्न आवश्यक रहेको ।
२७	आवासको मर्मत सम्भार तथा सेवा शुल्क	आवासको मर्मत सम्भार आफैंले गर्नुपर्ने र आवासमा जडित विद्युत खानेपानी लगायतका सुविधा उपभोग गरे वापत तिर्नुपर्ने सेवा शुल्क त्यस्तो आवास प्राप्त गर्ने व्यक्ति वा परिवारले नै तिर्नुपर्ने व्यवस्था गर्न आवश्यक भएको ।
२८	आवास फिर्ता गर्न सक्ने	आवास प्राप्त गर्ने व्यक्ति तथा परिवारले आफ्नो आर्थिक क्षमतामा भएको वृद्धि वा अन्य कारणले आवास फिर्ता गर्न चाहेमा फिर्ता गर्न सक्ने व्यवस्था राख्न आवश्यक भएको।
२९	नेपाल सरकार वादी हुने	यस ऐन बमोजिमको कसुर नेपाल सरकार बादी हुने व्यवस्था गर्नु आवश्यक भएको ।
३०	नियम बनाउने अधिकार	प्रस्तुत ऐनको कार्यान्वयन गर्न सहजताका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको।
३१	कार्यविधि तथा निर्देशिका बनाउन सक्ने	कार्यविधि र निर्देशिका वनाउने अधिकार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई दिन आवश्यक भएको र उक्त निर्देशिका सार्वजनिक गर्ने व्यवस्था गरिएको ।

संघीय संसद सचिवालय

आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : नेपालको संविधान बमोजिम आवासविहीन नेपाली नागरिकलाई उपयुक्त आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस ऐनको नाम "आवासको अधिकार सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आवास" भन्नाले आवासीय प्रयोजनको लागि निर्माण गरिएको भवन, घर, सो को अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचना सम्झनु पर्छ।

(ख) "आवासस्थल" भन्नाले आवास र त्यसले चर्चेको जग्गाको चार-किल्ला सम्झनु पर्छ र सो शब्दले संयुक्त वा सामुहिक आवास रहेको स्थललाई समेत जनाउँछ।

(ग) "आवास क्षेत्र" भन्नाले एक वा एकभन्दा बढी आवासस्थलको समूहलाई जनाउँछ।

(घ) "आवासविहीन" भन्नाले दफा ७ बमोजिम आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवार सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "परिवार" भन्नाले आवास सुविधा प्राप्त गर्ने नागरिकको पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, बुहारी र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ।

तर सो शब्दले कानून बमोजिम अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

संघीय संसद सचिवालय

(छ) "मन्त्रालय" भन्नाले आवास सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

परिच्छेद-२

आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति

३. **आवासको अधिकार हुने** : (१) प्रत्येक नागरिकलाई आवासको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण र परिपूर्ति यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको आवासको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछः–

(क) प्रचलित कानूनले निर्धारण गरेको मापदण्डको अधीनमा रही सुरक्षित, उपयुक्त र आफ्नो क्षमता अनुकूल आवास बनाउने, सो आवासमा बसोबास गर्ने र त्यसको प्रयोग गर्ने,

(ख) आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,

(ग) प्रचलित कानून बमोजिम आवासस्थलको छनौट गर्ने तथा बसाइसराई गरी उपयुक्त स्थानमा आवासको लागि व्यवस्था गर्न पाउने,

(घ) आवासस्थलमा आफ्नो धार्मिक, सामाजिक, तथा सांस्कृतिक पहिचानको सम्मान तथा संरक्षण गर्न पाउने,

(ङ) आफ्नो आवास स्थल र वरिपरीको तोकिएको खुल्ला क्षेत्रमा भौतिक संरचना निर्माण नगरी संरक्षण गर्न पाउने ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संवर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुनेछ।

४. **नागरिकको आवास अधिकारको सम्मान गर्नुपर्ने** : (१) नागरिकलाई आफ्नो आवास शान्तिपूर्वक निर्वाधरूपले उपभोग गर्न दिनु पर्नेछ।

संघीय संसद सचिवालय

(२) कुनै पनि नागरिकलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक अवस्था वा यस्तै अन्य कुनै आधारमा आवासको सुविधावाट वञ्चित गर्न वा भेदभाव गर्न पाइने छैन।

५. **सार्वजनिक प्रयोजनको लागि हटाउन सकिने** : (१) सार्वजनिक प्रयोजनका लागि प्रचलित कानून बमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक प्रयोजनको लागि कुनै नागरिकलाई निजको स्वामित्वको आवासबाट हटाउँदा निजलाई पुनर्वासको व्यवस्था गरी वा प्रचलित कानून बमोजिमको क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको क्षतिपूर्ति नागरिकलाई आवासबाट हटाउने कार्य गर्नु अगावै उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सार्वजनिक प्रयोगको लागि कुनै नागरिकलाई निजको आवासबाट हटाउँदा देहायका अवस्था पूरा गरेको हुनु पर्नेछ :-

(क) नागरिकसँग परामर्श गरिएको,

(ख) पर्याप्त र कारण सहितको सूचना सम्प्रेषण गरिएको,

(ग) आवासबाट हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान भएको,

(घ) हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारी वा निजको प्रतिनिधि उपस्थित भएको,

(ङ) रातीको समय वा त्यस्तै अनुपयुक्त समय नभएको ।

(५) उपदफा (३) मा जेसुकै लेखिएको भए तापनि नागरिकलाई निजको आवासबाट हटाउने कार्य गर्नु अगावै कुनै कारणबस क्षतिपूर्ति प्रदान गर्न नसकिएमा त्यस्तो क्षतिपूर्ति प्रदान गर्ने निकाय र समयावधि समेत तोकी हटाउने कार्य गर्न बाधा पर्ने छैन।

(६) यस दफा बमोजिम आवासबाट हटाउने क्रममा जेष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असक्त, गर्भवती महिलाको संरक्षणमा उचित ध्यान दिनु पर्नेछ।

(७) यस दफा बमोजिम पुनर्वास गर्ने सम्बन्धि व्यवस्था सम्बन्धित सार्वजनिक निकायले व्यवस्था गरे बमोजिम हुनेछ ।

संघीय संसद सचिवालय

६. **स्रोत साधनमाथिको पहुँच** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले नागरिकलाई आवासस्थलमा रहेका स्रोत-साधनहरूको उपयोगमा कानून बमोजिम सहज पहुँच हुने व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद-३

आवास सुविधा उपलब्ध गराउने

७. **आवास उपलब्ध गराउने** : यस ऐनको परिच्छेद-२ मा जेसुकै लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकिकरण गरी क्रमशः तोकिए बमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्नेछ :-

८. **वित्तीय साधन उपलव्ध गराउने:** (१) दफा ७ बमोजिम आवासविहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउन तोकिए बमोजिमको सहुलियतपूर्ण वित्तीय सुविधा उपलव्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा अन्तर्गत पनि आवासको व्यवस्था गर्न नसक्ने अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा तोकिए बमोजिम क्रमशः आवास सुविधा उपलब्ध गराइनेछ ।

९. **लगत सङ्कलन तथा पहिचान गर्ने** : आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोबासको अवस्था समेत खुल्ने गरी सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम लगत सङ्कलन गर्नु पर्नेछ।

१०. **परिचयपत्र उपलब्ध गराउनु पर्ने** : (१) सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको परिचयपत्र सम्बन्धित व्यक्ति वा परिवारलाई वितरण गर्नु पर्नेछ :-

(२) उपदफा (१) बमोजिमको परिचयपत्र वितरणको कार्य तोकिए बमोजिमको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम वितरण गरिएको परिचय पत्रको विवरण सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश सरकार तथा मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

संघीय संसद सचिवालय

(४) यस दफा बमोजिम वितरण गरिएको परिचय पत्रको विवरणको आधारमा दोहोरो नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले श्रोत साधनको व्यवस्था मिलाई नागरिकलाई क्रमशः तोकिए बमोजिमको आवास सुविधा उपलब्ध गराउनु पर्नेछ।

११. **सहयोग गर्नु पर्ने** : नेपाल सरकार तथा प्रदेश सरकारले दफा ९ र १० बमोजिमको कार्य सम्पन्न गर्नको लागि स्थानीय तहलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

१२. **जग्गा वा आवास नभएको घोषणा गर्नु पर्ने** : दफा ९ बमोजिम आवास सुविधा प्राप्त गर्न पहिचान भएको व्यक्ति तथा परिवारले यस ऐन बमोजिम आवास सुविधा प्राप्त गर्नु अघि देशको कुनै भुभागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको तोकिए बमोजिम स्वःघोषणा गर्नु पर्नेछ।

१३. **अस्थायी आवास उपलब्ध गराउनु पर्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा विपद्बाट विस्थापित व्यक्ति तथा परिवारको लागि तत्काल तोकिए बमोजिमको अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अस्थायी आवासमा लैंगिकमैत्री वातावरण लगायत तोकिए बमोजिमका न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अस्थायी आवासमा आश्रित व्यक्ति वा परिवारलाई त्यस्तो विपद्को अवस्था सामान्यीकरण भई साविकको स्थानमा बसोबास गर्न सकिने अवस्था भएमा निजहरूलाई सोही ठाउँमा पुनर्स्थापना गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१४. **पुनर्वासको व्यवस्था गर्नु पर्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दफा १३ बमोजिमको कारणबाट पूर्ण रूपमा विस्थापित भएको व्यक्ति तथा परिवारको नाममा अन्यत्र जग्गा नभएको वा जग्गा भए पनि भौगोलिक वा अन्य कारणले बसोबास गर्नको लागि अनुपयुक्त भएको र निज वा परिवारको आर्थिक विपन्नताको कारण निज आफैले कुनै अर्को बासस्थानको प्रबन्ध गर्न नसक्ने अवस्था भएमा त्यस्तो व्यक्ति तथा परिवारको लागि उचित पुनर्वासको प्रबन्ध गर्नु पर्नेछ ।

तर त्यस्तो व्यक्ति वा परिवार कुनै आर्थिक उपार्जनको कार्यमा संलग्न रहेको भएमा निजलाई प्रचलित कानून बमोजिम सहुलियतपूर्ण कर्जा तथा आंशिक अनुदान प्रदान गरी पुनर्वासको प्रबन्ध गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्वासको व्यवस्था गर्दा सम्भव भएसम्म सम्बन्धित व्यक्ति तथा परिवारको सामाजिक, सांस्कृतिक पक्ष तथा जीविकोपार्जनको विषयलाई समेत ध्यान दिनु पर्नेछ ।

१५. **आवासको स्वामित्व उपयोग तथा भोगाधिकार** : (१) यस ऐन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आवास निर्माण गरी नागरिकलाई प्रदान गरिएकोमा त्यस्तो आवासको स्वामित्व त्यस्तो आवास सुविधा प्राप्त गर्ने व्यक्ति, परिवार वा समुदायको एकल, सामूहिक वा संयुक्त स्वामित्व रहने गरी व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो आवासमा सम्बन्धित व्यक्ति वा परिवारको भोगाधिकार मात्र कायम हुने गरी व्यवस्था गर्न बाधा पर्ने छैन ।

(३) कुनै एक व्यक्ति तथा परिवारको एकल स्वामित्व रहने गरी आवास सुविधा प्रदान गरिएको भएमा त्यस्तो आवासमा जसको स्वामित्व रहेको हो सोही व्यक्ति तथा परिवार बस्नु पर्नेछ ।

(४) सामूहिक वा संयुक्त स्वामित्व रहने गरी आवास सुविधा प्रदान गरिएको भएमा त्यस्तो आवासको स्वामित्व त्यसमा बसोबास गर्ने सबै व्यक्ति तथा परिवारको हुनेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम कुनै व्यक्ति तथा परिवारको एकल, सामुहिक वा संयुक्त स्वामित्व रहने गरी उपलब्ध गराइएको आवास त्यस्तो आवास उपलब्ध गराउने सम्बन्धित नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति नलिई बैङ्क, वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडा वा लिजमा दिन वा अन्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्न वा अन्य कुनै प्रकारले हक छाड्न पाइने छैन ।

तर प्रचलित कानून बमोजिमको अंशियारका बीचमा अंशबण्डा गर्न र निजको शेषपछि निजको हकवालाको नाममा नामसारी दाखिल खारेज वा अपुताली वा अन्य कुनै व्यहोराले स्वामित्व हस्तान्तरण गर्न बाधा पर्ने छैन।

(६) उपदफा (५) विपरीत भएको कुनै कार्य स्वतः बदर भएको मानिनेछ र त्यस्तो आवासको स्वामीत्व स्वतः आवास उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहको हुनेछ ।

(७) उपदफा (६) बमोजिमको आवास उपलव्ध गराउने सम्बन्धित नेपाल सरकार वा प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहले अन्य विस्थापित, आवासविहीन व्यक्ति तथा परिवारलाई उपलब्ध गराउन सक्नेछ।

१६. **दोहोरो सुविधा उपलब्ध नगराइने** : (१) यस ऐन बमोजिम आवास उपलब्ध गराइएको व्यक्ति तथा परिवारलाई दोहोरो पर्ने गरी आवास उपलब्ध गराइने छैन ।

(२) यस ऐन बमोजिम एक पटक आवासको सुविधा उपलब्ध गराइएको व्यक्ति तथा परिवारलाई पुनः त्यस्तो सुविधा उपलब्ध गराइने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपलब्ध गराइएको आवास विपद् परी नष्ट भएको अवस्थामा पुनः उपलब्ध गराउन बाधा पर्ने छैन ।

१७. **आवास सुविधा उपलब्ध नगराइने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका व्यक्ति तथा परिवारलाई यस ऐन बमोजिम आवासको सुविधा उपलब्ध गराइने छैन :-

(क) प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने पदमा बहाल रहेको, सेवानिवृत्त वा पदमुक्त भएको व्यक्ति तथा निजको परिवार,

(ख) स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित संस्था, साझेदारी, फर्मबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको व्यक्ति तथा निजको परिवार,

(ग) स्वदेशी वा विदेशी गैर सरकारी संस्थाबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको व्यक्ति तथा निजको परिवार,

(घ) निजी क्षेत्रमा व्यापार, व्यवसाय वा अन्य आर्थिक उपार्जनको कार्यमा संलग्न रहेको व्यक्ति वा निजको परिवार,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थामा काम गरिरहेको वा त्यसबाट निवृत्तिभरण वा अन्य आर्थिक सुविधा प्राप्त गरिरहेको व्यक्ति तथा निजको परिवार,

(च) विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको वा विदेशी मुलुकमा स्थायी रूपमा बसोबास गरिरहेको व्यक्ति तथा परिवार,

(छ) आवासीय प्रयोजनको लागि कसैको घर, जग्गा वा अपार्टमेन्ट बहालमा लिई बसेको व्यक्ति तथा परिवार,

(ज) आवास नभएको तर नेपाल सरकारले तोकेको भन्दा बढी चल वा अचल सम्पत्ति भएको व्यक्ति तथा परिवार,

(झ) तोकिए बमोजिमका अन्य व्यक्ति तथा निजको परिवार ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले विपदमा परी आवास नष्ट भएका वा तोकेकोभन्दा कम वार्षिक आय गर्ने व्यक्ति तथा निजको परिवारलाई यस ऐन बमोजिमको आवासको सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन ।

१८. **स्थानीय तहसँग समन्वय गर्ने** : (१) नेपाल सरकार तथा प्रदेश सरकारले यस ऐन बमोजिम आवास सम्बन्धी कुनै सुविधा प्रदान गर्दा स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले यस ऐन बमोजिम आवास सम्बन्धी कार्यक्रमको कार्यान्वयनको लागि सम्बन्धित कार्यक्रमको लागि लाग्ने वजेट, जनशक्ति तथा अन्य प्राविधिक सहायता प्रदान गरी स्थानीय तहमार्फत कार्यान्वयन गर्न सक्नेछन् ।

१९. **एकीकृत बस्ती विकासको व्यवस्था** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन बमोजिम आवास सुविधा उपलब्ध गराउँदा आवश्यकता र उपयुक्तता अनुसार एकीकृत बस्ती विकासको अवधारणा अनुरूप आवासको व्यवस्था मिलाउन सक्नेछन् ।

(२) यस ऐनमा अन्यत्र जेसुकै लेखिएको भएतापनि भौगोलिक विकटताका कारणले सेवा सुविधा पुर्याउन नसक्ने दुर्गम र विकट स्थानका वस्ती स्थानान्तरण गरी सुविधायुक्त स्थानमा सार्न बाधा पर्ने छैन ।

२०. **स्वदेशी निजी क्षेत्रबाट आवास सुविधा प्रदान गर्न सकिने** :(१) प्रचलित कानूनको अधीनमा रही निजी कम्पनी वा सङ्गठित संस्थाले आवास निर्माण गरी नागरिकलाई वितरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको आवासमा तोकिए बमोजिमको न्यूनतम सेवा, सुविधा तथा पूर्वाधार उपलब्ध भएको हुनु पर्नेछ ।

२१. **सेवा, सुविधा र पूर्वाधारको उपलब्धता** : यस ऐन बमोजिम प्रदान गरिने आवास रहेको क्षेत्रमा तोकिए बमोजिमको न्यूनतम सेवा, सुविधा र पूर्वाधारहरू उपलब्ध भएको हुनु पर्नेछ ।

२२. **अनुगमन गर्नु पर्ने** : नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन बमोजिम आवासको सुविधा उपलब्ध गराउने कार्यको अनुगमन गर्नको लागि तोकिए बमोजिमको संयन्त्र गठन गर्नु पर्नेछ।

२३. **भवन संहिता तथा भवन निर्माण सम्बन्धी मापदण्ड पालना गर्नु पर्ने** : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले यस ऐन बमोजिम आवास उपलब्ध गराउँदा बस्ती विकास, भूमिको उपयोग, भवन संहिता तथा भवन निर्माण सम्बन्धी सङ्घीय कानून बमोजिम निर्धारण गरेको मापदण्डको पालना गर्नु पर्नेछ।

२४. **विवादको समाधान** : यस ऐन बमोजिम उपलब्ध गराइएको आवास सुविधाको उपभोग गर्ने सम्बन्धमा त्यस्तो आवासमा बसोबास गर्ने व्यक्ति तथा परिवारहरूबीच भएको हक बेहक सम्बन्धी बाहेकको कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद हेर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

परिच्छेद-४

कसूर तथा सजाय

२५. **कसूर तथा सजाय** : (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) झुट्टा विवरण पेश गरी आवास सुविधा लिएमा,

(ख) आवास सुविधाको दुरुपयोग गरेमा वा आवासलाई आवास बाहेकको अन्य प्रयोजनमा प्रयोग गरेमा,

(ग) जानी जानी झुठो विवरण संकलन गरेमा वा सिफारिस गरेमा,

(घ) दफा १५ को उपदफा (५) विपरीतको कार्य गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

संघीय संसद सचिवालय

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा दुई वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै,

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा एक वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै,

(ग) खण्ड (ग) बमोजिमको कसुर गरेमा एक लाख रुपैंयाँ जरिबाना गरी सरकारी कर्मचारी भए विभागीय कारबाही समेत हुनेछ।

(घ) खण्ड (घ) बमोजिमको कसूर गरेमा तीन वर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिबाना वा दुवै ।

(३) उपदफा (२) बमोजिमको जरिबाना सम्बन्धित कसूरदारवाट असुल उपर हुन नसकेमा सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम आवास निर्माणको लागि अनुदान उपलब्ध गराइएका व्यक्तिले झुट्टा विवरण दिई अनुदान लिएको पाइएमा त्यस्तो अनुदानको रकममा प्रचलित कानून बमोजिम लाग्ने व्याज रकम समेत हिसाब गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र प्रचलित कानून बमोजिम कुनै कारबाही हुनेमा त्यस्तो कारबाही समेत गरिनेछ।

परिच्छेद-५

विविध

२६. **नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा कायम गरिने** : दफा १५ को उपदफा (६) मा उल्लिखित अवस्थाको अतिरिक्त देहायको अवस्था भएमा यस ऐन बमोजिम उपलब्ध गराइएको आवास त्यस्तो व्यक्ति तथा परिवारको नामबाट लगत कट्टा गरी त्यस्तो आवास सुविधा उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा कायम गरिनेछः-

(क) आवास उपलब्ध गराइएको व्यक्ति तथा परिवारले बसोबास नगरेमा वा लगातार तीन वर्ष वा सोभन्दा बढी अवधि भोग चलन नगरेमा,

(ख) तोकिए बमोजिमको अन्य अवस्थामा ।

२७. **आवासको मर्मत सम्भार तथा सेवा शुल्क** : (१) यस ऐन बमोजिम उपलब्ध गराइएको आवासको मर्मत सम्भार त्यस्तो आवास सुविधा प्राप्त गर्ने व्यक्ति तथा परिवारले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले निर्णय गरी निःशुल्क हुने गरी तोकेको बाहेक आवासमा जडित विद्युत, खानेपानी लगायतका सुविधा उपभोग गरे बापत तिर्नु पर्ने सेवा शुल्क तोकिएको समय भित्र त्यस्तो आवास प्राप्त गर्ने व्यक्ति तथा परिवारले व्यहोर्नु पर्नेछ ।

२८. **आवास फिर्ता गर्न सक्ने** : यस ऐन बमोजिम उपलब्ध गराइएको आवास प्राप्त गर्ने व्यक्ति तथा परिवारले आफ्नो आर्थिक क्षमतामा भएको वृद्धि वा अन्य कारणले आवास फिर्ता गर्न चाहेमा त्यस्तो आवास उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई फिर्ता गर्न सक्नेछ।

२९. **नेपाल सरकार वादी हुने** : (१) दफा २५ को उपदफा (१) बमोजिमको मुद्दामा नेपाल सरकार बादी हुनेछ।

(२) दफा २५ को उपदफा (१) बमोजिमको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

३०. **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३१. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि वा निर्देशिका सार्वजनिक गर्नु पर्नेछ।

संघीय संसद सचिवालय